

# बजार अवलोकन ५०

माघ, २०६९

**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***गत एक महिनामा देशभर विभिन्न बजारहरुमा अनुगमन गरिएका प्राय खुद्रा मूल्यहरु स्थिर रहयो जुन खाद्यान्न बजारहरु सुचारु रुपमा सञ्चालन भएको संकेत हो ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो समग्र आर्थिक अवस्थाको प्रतिवेदन अनुसार, २०६९ माघ महिनामा राष्ट्रिय स्फीतिदर १०.१ प्रतिशतले बृद्धि भयो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष सोहि समयको ४.१ प्रतिशत बृद्धिको तुलनामा १०.७ प्रतिशतले बृद्धि भयो ।***
- ***देशभर विशेष गरी कोशी नदीमा बेली पुलहरुको निर्माणले गर्दा सोलुखुम्बु, खोटाङ र ओखलढुङ्गा जिल्लामा आपूर्ति अवस्थामा सुधार आएको छ, ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा देशभरका विभिन्न बजारहरुमा नियमित रुपमा अनुगमन गरिने प्राय खाद्य बस्तुहरुको मूल्य गत एक महिनामा स्थिर रहयो । मोटा चामल र गहुँको पिठोको राष्ट्रिय औसत मूल्य क्रमश: १.२ प्रतिशत र ०.८ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भई प्रति किलो रु. ३६.० र ३९.८ भयो । यसैगरी, मासको मूल्य ०.७ प्रतिशतले न्यून रुपमा बृद्धि भयो भने मुसुरोको मूल्य स्थिर रहयो । तोरी र भटमासको तेल जस्ता खानेतेलहरुको मूल्य न्यूनरुपमा बृद्धि भयो तर आलु बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्दि भई रातो आलुको मूल्य ३.९ प्रतिशतका दरले घट्यो । २०६९ कार्तिकको तुलनामा आलु वाहेक अन्य मूल्यहरुले बढ्दो प्रवृति देखाए भने गत वर्ष यही समयको तुलनामा अनुगमन गरिएका सम्पूर्ण मूल्यहरुले बढ्दो प्रवृतिको संकेत गरे ।

क्षेत्रीय बजारहरुमा मूल्यहरुको प्रवृति राष्ट्रिय प्रवृति भन्दा भिन्न देखियो । उदाहरणका लागि मुख्य उपभोक्ता बजारहरुमा मोटा चामलको मूल्य यथावत रह्यो भने सडक पहुँच भएका पहाडी तथा हिमाली बजारहरुमा यसको मूल्यले घट्दो प्रवृति देखायो । तराईका बजारहरुमा मोटा चामलको मूल्यले बढ्दो प्रवृति देखायो । यद्यपि, गहुँको पिठो र मुसुरोको मूल्यले गत एक महिनामा प्राय बढ्दो प्रवृति देखाए ।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा थोक मूल्यहरुले न्यून उतारचढावका साथ मिश्रित प्रवृति देखाए । कालीमाटी फलफूल तथा तरकारी बजारमा अनुगमन गरिएका फलफूल तथा तरकारी जस्तै बन्दा, मुला, काउली, गाँजर, पालुङ्गो र रायोको सागको थोक मूल्यले घट्दो प्रवृति देखाए भने सुकेको प्याज, लसुन र तीते करेला र घ्यू सीमी जस्ता तरकारीहरुको मागको तुलनामा आपूर्तिमा कमि आएको हुनाले यी तरकारीहरुको मूल्यले बढ्दो प्रवृति देखाए ।

नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित प्रतिवेदनका अनुसार गत वर्ष सोहि समयको ७.० प्रतिशत बृद्धिको तुलनामा माघ महिनामा वार्षिक स्फीतिदर १०.१ प्रतिशतका दरले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको ४.१ प्रतिशत बृद्धिको तुलनामा १०.७ प्रतिशतले बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्क १०.२ प्रतिशतले बृद्धि भयो । यातायातको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १८.५ प्रतिशत बृद्धिको तुलनामा ९.० प्रतिशतमा कायम रहयो ।

### आपूर्ति

देशभर यातायात सेवाहरु सूचारु रुपमा सञ्चालन भएको हुनाले हाल सम्म आपूर्ति अवस्था सामान्य रहयो । विश्व खाद्य कार्यक्रमका NeKSAP जिल्ला तथा क्लस्टर संयोजकहरुका अनुसार, घुर्मि र जयरामघाटमा कोशी नदी माथि बेली पुलहरु (belly bridges) को निर्माणले ओखलढुङ्गा, सोलुखुम्बु र खोटाङ जिल्लामा आपूर्ति अवस्थामा सुधार आउनका साथै ढुवानी लागत घटाउनमा मद्दत पुर्‍याएको छ ।


### पूर्वानुमान

प्राय खाद्य बस्तुहरुको मूल्य गत महिनामा जस्तै यथावत रहने अनुमान छ । यद्यपि, २०६९ फागुन २५ बाट लागू हुने गरी मालवाहक सवारी लगायत अन्य सार्वजनिक यातायातमा ३.७ प्रतिशत भन्दा बढीका दरले भाडामा भएको बृद्धिले विशेष गरी पहाडी तथा हिमाली बजारहरुमा खाद्य बस्तुहरुको मूल्य बृद्धि गराउन सक्ने अनुमान छ । यसैगरी, आगामी बाली नभित्र्याए सम्म मौसम नभएका बस्तुहरुको उच्च मूल्य कायमै रहने अनुमान छ । देशभर हिउँदे बाली हुर्कने अवस्थामा समयमा नै वर्षा भएको हुनाले पूर्वानुमान राम्रो छ । हिउँदे बाली विशेष गरी गहुँको प्रारम्भिक उत्पादन पूर्वानुमान गत वर्षको तुलनामा न्यूनरुपमा बृद्धि हुने अनुमान छ । हिउँदे बालीको समग्र उत्पादन पूर्वानुमान NeKSAP द्वारा निकटबाटअनुगमन गरिने छ ।


**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| सुकेको प्याज, लसुन, घ्यू सीमी, तीते करेला र कुखुराको मासु | विभिन्न | > ६ | मौसम नभएको र कम उत्पादन हुनाले आपूर्तिमा कमी आएको । |
| आलु, बन्दा, मुला र काउली | विभिन्न | >-५ | बाली भित्र्याउने मौसम भएको हुनाले आपूर्तिमा बृद्धि भएको । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०६९ माघ महिनाको मूल्य सँग सम्बन्धित छन् ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- माघ, २०६९

### मुख्य उपभोक्ता बजार

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | मोटा चामल | ३६.० | ०.० | ०.० | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | ०.० | ०.० | -२.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४३.० | ४.४ | -१.४ | ७.५ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | २७५.० | २२.२ | १०.० | ४४.७ | ▶ | ▼ | ▶ |
| | तोरीको तेल | १६७.० | -३.५ | -१३.५ | २१.९ | ▼ | ▼ | ▲ |
| | मास | ११३.० | ०.० | ०.० | ७.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | -२.९ | २०.५ | ▶ | ▶ | ▲ |
| | आलु | ३२.० | -५.० | -३०.४ | ३३.३ | ▼ | ▼ | ▲ |
| पोखरा | मोटा चामल | ४२.० | ०.० | -६.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ६.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ३.४ | ०.० | २०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | १८.५ | १४.३ | ५२.४ | ▶ | ▼ | ▲ |
| | तोरीको तेल | १८०.० | ०.० | -२.७ | २०.० | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | ०.० | ८.२ | २३.५ | ▲ | ▶ | ▲ |
| | आलु | ३५.० | ०.० | -३०.० | ४०.० | ▼ | ▼ | ▲ |

### क्षेत्रीय तराई बजार

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य | १ महिना | ३ महिना | १ वर्ष | १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| बिराटनगर | मोटा चामल | ३०.० | ०.० | ०.० | -२.२ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | ०.० | २०.० | २५.६ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १३५.० | ०.० | -३.६ | १२.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २७३.० | ०.० | ३६.५ | ५१.७ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ११.११ | ०.० | -९.०९ | ▼ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | १०.० | ५३.५ | ▶ | ▲ | ▲ |
| | आलु | ३०.० | ०.० | -२८.० | १३०.८ | ▼ | ▼ | ▲ |
| बिरगंज | मोटा चामल | ३६.० | ५.९ | ९.१ | २४.१ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३७.० | ५.७ | -२.६ | २३.३ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १५५.० | २.० | ३.३ | १५.७ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | ३००.० | २५.० | १५.४ | ३६.४ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २४.१ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | -९.१ | -९.१ | ३३.३ | ▶ | ▶ | ▲ |
| | आलु | २०.० | -९.१ | -५०.० | ४२.९ | ▶ | ▼ | ▲ |
| नेपालगंज | मोटा चामल | ३४.० | ६.३ | १३.३ | २१.४ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३२.० | ०.० | ६.७ | ०.० | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | २१.७ | ५.० | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ७.१ | ५०.० | ७.१ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | २००.० | ०.० | ११.१ | २९.० | ▲ | ▲ | ▲ |
| | मास | १३०.० | -७.१ | ८५.७ | ५९.२ | ▲ | ▲ | ▲ |
| | मुसुरो | १००.० | ११.१ | ४२.९ | ४२.९ | ▲ | ▶ | ▲ |
| | आलु | ३२.० | ६.७ | २८.० | ११३.३ | ▲ | ▶ | ▲ |
| धनगढी | मोटा चामल | ३५.० | ०.० | ४.८ | -३.८ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३२.० | ०.० | ०.० | १.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३५.० | ०.० | ६.३ | १२.५ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | २८४.० | ०.० | १३.६ | १०२.९ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १७६.० | ०.० | ४.८ | २२.२ | ▶ | ▲ | ▲ |
| | मास | १३४.० | ०.० | १.५ | -२.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | -४.३ | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | ०.० | ०.० | ६६.७ | ▶ | ▼ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेको

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २८.० | १२.० | १२.० | १२.० | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ५९.१ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | -६.७ | ५५.६ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ०.० | १८.२ | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १७०.० | ०.० | -१०.० | १३.३ | ▼ | ▼ | ▶ |
| | मास | १२५.० | ०.० | ८.७ | १९.० | ▶ | ▶ | ▲ |
| | मुसुरो | ११०.० | ०.० | १५.८ | ५.८ | ▶ | ▶ | ▲ |
| | आलु | २४.० | ९.१ | ९.१ | ७१.४ | ▼ | ▼ | ▲ |

### सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य | १ महिना | ३ महिना | १ वर्ष | १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| धनकुटा | मोटा चामल | ३३.० | ०.० | ०.० | १७.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | -२.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २६०.० | ०.० | -७.१ | ८.३ | ▼ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ४.३ | ४.३ | ५०.० | ▶ | ▶ | ▲ |
| | आलु | ३५.० | -३०.० | -१८.६ | ४०.० | ▲ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ४०.० | ०.० | १७.६ | २५.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ५५.० | ०.० | - | ५७.१ | - | ▲ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | - | ०.० | - | ▶ | ▲ |
| | कुखुराको मासु | २७०.० | ०.० | - | ०.० | - | ▶ | ▶ |
| | मास | १००.० | ०.० | - | -९.१ | - | ▶ | ▼ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | १०.० | - | ▶ | ▶ |
| | आलु | २५.० | ०.० | - | -२८.६ | - | ▼ | ▼ |
| साँफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | ०.० | २.९ | २.९ | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १८०.० | ०.० | ५.९ | ५.९ | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | -७.७ | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | -८.३ | - | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | २८.२ | ४२.९ | ▶ | ▶ | ▲ |
| जुम्ला | मोटा चामल | ५०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १८०.० | ०.० | ०.० | ५.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३८०.० | ०.० | ८.६ | १८.८ | ▲ | - | ▲ |
| | मास | १००.० | ०.० | - | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | - | - | - | - | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ०.० | -२५.० | ▶ | ▶ | ▼ |
| बाजुरा | मोटा चामल | ३३.० | -५.७ | -१७.५ | ३.१ | ▲ | ▼ | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | ११.१ | १४.३ | ▲ | ▲ | ▲ |
| | सीमी | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | ०.० | २०.० | ०.० | ▶ | ▶ | ▲ |

### सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य | १ महिना | ३ महिना | १ वर्ष | १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २३०.० | ५३.३ | ०.० | -४.२ | ▼ | ▼ | ▼ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | - | ९.१ | २०.० | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ५०.० | ०.० | २५.० | ६६.७ | ▲ | ▶ | ▲ |
| डोल्पा | मोटा चामल | १००.० | ०.० | -९.१ | ११.१ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | १२०.० | -७.७ | -७.७ | -७.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २४०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | सीमी | २००.० | -९.१ | ०.० | ०.० | ▼ | ▶ | ▶ |
| | मास | २००.० | -९.१ | - | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | २५०.० | १३.६ | २५.० | २५.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ०.० | -२५.० | ▼ | ▼ | ▼ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ। थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ।

यो परियोजना यूरोपीयन युनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ। यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन युनियनको विचारहरुलाई प्रतिविम्बित गर्दछ भन्ने कूनै जरुरी छैन।